# विदेह नगरपालिका
BIDEHA MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
धनुषा
Dhanusha
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal


पत्र सँख्या :-२०८०।०८१
चलानी नं.:- ६८९

मिति २०८०।११।०३

श्री वडा कार्यालयहरु सबै,
विदेह न.पा.धनुषा

**विषय :- न्यूनतम रोजगारी संलग्न हुन निवेदन दिने सम्बन्धमा ।**

प्रधानमन्त्री रोजगाार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम अगामी आ.व.२०८१।८२ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बंचित बेरोजगार व्यक्तिहरुलाई प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न गराई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न सक्ने (१८ बर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेको) ईच्छुक बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सुचीमा सुचीकृत हुन आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति:२०८० फालगुन ०३ गते देखि ३० गते भित्र तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु**

१.निवेदनकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान
२.निवेदकको कुनै सीपमुलक तालिम लिएको भए सो को प्रमाण पत्रको प्रतिलिपि १ थान
३.निवेदकको पासपोर्ट साईजको फोटो १ थान
४.परिवारमा रहेको व्यक्तिहरुको नागरिकता प्रमाणपत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि १/१ थान अनिवार्य
५.बसाइसराई भएको भए सो को प्रमाण पत्रको प्रतिलिपि १ थान

**बोधार्थ :**

श्री सबै वडा कार्यालय : सूचना वडामा प्रकाशित गरि सो को जानकारी पठाउनु हुन ।
श्री सूचना तथा प्रविधि शाखा , कार्यालयको वेवसाइटमा अपलोड गर्नु हुन ।

............................
**सिकिन्द्र प्रसाद साह**
प्रमुख प्रशासकीय अधिकृत

Email : ito.bidehamun@gmail.com,[redacted] Website : www.bidehamun.gov.np

# विदेह नगरपालिका
BIDEHA MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
धनुषा
Dhanusha
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal


पत्र सँख्या :-२०७९।०८०
चलानी नं.:- 690

मिति:२०८०।११।०३

श्री वडा कार्यालय सबै,
विदेह न.पा.,धनुषा

**विषय : योजना छनौट गरी पठाईदिने ताकेता सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आ.व.२०८०।०८१ को लागि योजनाहरु यस विदेह नगरपालिका कार्यालयको पत्र संख्या २०७९।०८० च.नं.१३५१ मिति २०८०।०३।२४ गते को पत्राअनुसार यस नगरपालिकाको सबै वडा कार्यालयहरु लाई पठाईएको पत्रमा त्यस वडामा छनौट भएका योजनाहरु विदेह नगरपालिकाको रोजगार सेवा केन्द्रमा पठाउने समय अवधि मिति २०८०।०४।०८ गते समाप्त भैसकेको तर केहि वडा बाट सो सम्बन्धि विविरण हाल सम्म यस कार्यालमा प्राप्त नभएकोले त्यस वडामा प्रधानमन्त्री रोजगाार कार्यकमको लागि छनौट भएका योजनाहरु वा वडा समितिले सिफारिस गरेको योजनाहरु (७-सात दिन भित्रमा) यथासिघ्र रोजगाार सेवा केन्द्रमा पठाईदिने व्यहोरा अनुरोध छ ।

**नोट:**

१.वडामा छनौट भएका योजनाहरु रोजगार सेवा केन्द्रमा नपठाएमा त्यस वडाको योजनाहरु सुचिकृत वा त्यस वडाहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुन नसकेको खण्डमा सो को जिम्मा वडा कार्यालय स्वंम हुनेछ ।

.................................
**सिकिन्द्र प्रसाद साह**
प्रमुख प्रशासकीय अधिकृत


प्रमुख प्रशासकीय अधिकृत





CamScanner